आज मिति २०७७ चैत्र १९ गते बिहिबारको दिन बिहान ८:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा १०५ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री शिवभक्ति बलामी (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शंकर मान महर्जन (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री सर्मिला सुवेदी (का.बा.वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री राज कुमार लामा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री कविता खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री मिना मगर | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री राजेश परियार | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री लक्ष्मी पौडेल | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री शारदा आचार्य | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री तुलसी बहादुर श्रेष्ठ | सचिव | |

**सचिवालय कर्मचारी** :-

१. श्री गणेश गुरुङ (लेखा अधिकृत)
२. श्री मनोज बुढथोकी (ईन्जिनियर)
३. श्री ननिता खत्री (निर्णय टाईपमा सहयोग गर्ने कर्मचारी)

मिति २०७७/१२/१७ गते नगर प्रमुखज्यूबाट मिति २०७७/१२/१८ गतेको नगर कार्यपालिकाको १०५ औं बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाको यस बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

<table>
<tr><th>सि.नं.</th><th>विषय</th><th>निर्णय भएको व्यहोरा</th></tr>
<tr><td>१.</td><td>राष्ट्रिय खेलाडी प्रोत्साहन कार्यक्रम सम्बन्धमा ।</td><td>• आ.व. ०७६/०७७ र ०७७/०७८ को प्रदेश वा राष्ट्रिय/अन्तराष्ट्रिय स्तरिय विभिन्न पदक विजेता यस नगरपालिकामा स्थाई बसोबास भएका खेलाडीहरुलाई सम्मान कार्यक्रम आयोजना गरी प्रति खेल तपसिल बमोजिम प्रोत्साहन रकम उपलब्ध गराउने ।<br>तपसिल<br><table>
<tr><th rowspan="2">विजेताको प्रकार</th><th colspan="4">प्रोत्साहन रकम</th></tr>
<tr><th>अन्तराष्ट्रिय स्तर</th><th>राष्ट्रिय स्तर</th><th>प्रदेश स्तर</th><th>नगर स्तर</th></tr>
<tr><td>स्वर्ण पदक</td><td>रु.४०,०००।-</td><td>रु.३०,०००।-</td><td>रु.२५,०००।-</td><td>रु.२०,०००।-</td></tr>
<tr><td>रजत पदक</td><td>रु.३०,०००।-</td><td>रु.२५,०००।-</td><td>रु.२०,०००।-</td><td>रु.१५,०००।-</td></tr>
<tr><td>कास्य पदक</td><td>रु.२५,०००।-</td><td>रु.२०,०००।-</td><td>रु.१५,०००।-</td><td>रु.१०,०००।-</td></tr>
</table></td></tr>
<tr><td>२.</td><td>विज्ञापन रद्ध गर्ने सम्बन्धमा ।</td><td>• यस कार्यालयबाट विभिन्न मितिमा नगर प्रहरी भर्नाका लागी भएको विज्ञापन रद्ध गरी आवेदकले बुझाएको दस्तुर फिर्ता गर्ने ।</td></tr>
<tr><td>३.</td><td>सार्वजनिक सुनुवाई सम्बन्धमा ।</td><td>• स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ अनुसार आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्नु पर्ने भएको र ऐ.ऐ.उपदफा ५ बमोजिम नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नु पर्ने उल्लेख भएको हुदाँ ८ नं. वडा कार्यालय, छैमलेमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने ।</td></tr>
<tr><td>४.</td><td>उपभोक्ता समितिको जनसहभागिता सम्बन्धमा ।</td><td>• महालेखा परिक्षकको कार्यालयबाट गत आ.ब.को लेखा परिक्षण गर्दा उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाहरुको लागत सहभागिता कम्तीमा २० प्रतिशत हुनु पर्ने भनि प्रतिवेदनमा उल्लेख भएको हुदाँ यस नगरपालिकाबाट उपभोक्ता समिति मार्फत् सञ्चालन हुने आयोजनाहरुमा शतप्रतिशत महिलाहरुद्धारा सञ्चालन हुने आयोजनाहरु र आगामी आ.ब. का सम्पूर्ण उपभोक्ता समितिहरुबाट संचालन हुने योजनाहरुमा २० प्रतिशत जनसहभागीता बेहोर्ने व्यवस्था गर्ने गरि नगरसभामा सिफारिस गर्ने ।</td></tr>
<tr><td>५.</td><td>नगर यातायात गुरुयोजना निर्माण सम्बन्धमा ।</td><td>• यस नगरपालिकाको सडकहरुलाई व्यवस्थित एवं नामाङ्करण गरी आधुनिक शहर निर्माणको लागी नगर यातायात गुरुयोजना आवश्यक हुने हुदाँ नगर यातायात गुरुयोजना निर्माण गरी लागु गर्ने ।</td></tr>
<tr><td>६.</td><td>विपद पूर्वतयारी तथा प्रतिकार्य योजना सम्बन्धमा ।</td><td>• विपद् बाट यस नगरपालिकामा हुन सक्ने क्षतिलाई न्यूनिकरण गर्न विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी लागु गर्ने ।</td></tr>
<tr><td>७.</td><td>विविध ।</td><td>• विभिन्न मितिहरुमा यस नगरपालिका कार्यालयमा निवेदन पेश भई रकम विनियोजनको लागी माग भएका तपसिल बमोजिमको आयोजना तथा कार्यक्रमहरुमा उपयुक्त शिर्षकबाट निम्नानुसारको बजेट विनियोजन गर्ने ।<br>तपसिल</td></tr>
</table>

तुलसी बहादुर श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

१. पूर्वाधार निर्माण ६०/४० आयोजना संचालनको लागि विनियोजित रकमः-

| क्र. सं. | आयोजनाको नाम | आयोजना सञ्चालन हुने स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १. | डिगुबहाल देखी ढेवी जोड्ने सडक ढलान (क्रमागत) | द.न.पा.५ र ६ | रु.१०,००,०००।- | |
| २. | बाराहीडोल सामुदायिक भवन निर्माण | द.न.पा.४ | रु.५,००,०००।- | |
| ३. | सेतीदेवी स्कुल हुदैं सुनडोल जाने मोटरबाटो ढलान | द.न.पा.९ | रु.१०,००,०००।- | |
| ४. | दक्षिणकाली मन्दिर भौतिक पूर्वाधार विकास | द.न.पा.६ | रु.१०,००,०००।- | |
| ५. | बाहुन टोल देखि कृष्ण मन्दिरसम्मको बाटो ढलान, द न.पा.३ | द.न.पा.३ | रु.५,००,०००।- | |
| ६. | श्रीकृष्ण मन्दिर व्यवस्थापन | द.न.पा.९ | रु. ४,००,०००।- | |
| | जम्मा | | रु.४४,००,०००।- | |

२. मर्मत सम्भार कोष/प्रकोप व्यवस्थापन कोषः-

| क्र. सं. | आयोजनाको नाम | आयोजना सञ्चालन हुने स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १. | नागको ढुङ्गाको मुर्ति | द.न.पा.२ | रु.१,२०,०००।- | |
| २. | झम्केश्वरी मन्दिरमा छाना र रंगरोगन | द.न.पा.६ | रु.३,५०,०००।- | |
| ३. | हात्तिको मुर्ति निर्माण | द.न.पा. | रु.५,००,०००।- | |
| ४. | पखाचोक नर्कटघारी सिचाँई कुलो निर्माण | द.न.पा.२ | रु.५,००,०००।- | |
| ५. | लामाटोल बाटो ढलान | द.न.पा.१ | रु.१०,००,०००।- | |
| ६. | तामाङ गुठी भवन | द.न.पा.४ | रु.२,००,०००।- | |
| ७. | फर्पिङ बसपार्क ड्रेन निर्माण | द.न.पा.५ | रु.१२,३९,१०९।- | |
| ८. | ७ नं.वडा कार्यालयको घेराबार मर्मत सुधार | द.न.पा.७ | रु.२,००,०००।- | |
| ९. | ६ नं.वडा कार्यालय भवन बाटो निर्माण | द.न.पा.६ | रु.५,००,०००।- | |
| १०. | चाल्नाखेल स्वागत गेट निर्माण | द.न.पा.१ | रु.१५,५०,०००।- | |
| ११. | कुमारी गल्ली ढलान तथा ड्रेन निर्माण | द.न.पा.६ | रु. ५,००,०००।- | |
| १२. | चण्डने अर्खोले मोटरबाटो निर्माण | द.न.पा.८ | रु. ३,००,०००।- | |
| १३. | जोगीचौर मोटर बाटो ड्रेन निर्माण | द.न.पा.१ | रु.२,५०,०००।- | |
| १४. | बाहुन टोल देखि कृष्ण मन्दिरसम्मको बाटो निर्माण | द.न.पा.३ | रु. २,००,०००।- | |
| १५. | वडा कार्यालय मर्मत तथा प्राङ्गण सुधार | द.न.पा.५ | रु. २,००,०००।- | |

प्रमुख प्रशासकीय अ...

| | | |
|---|---|---|
| जम्मा | रु. ७६,०९,१०९।- | |

३. प्रकोप व्यवस्थापन कोषः-

| क. सं. | आयोजनाको नाम | आयोजना सञ्चालन हुने स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १. | सुजन सदाशंकरको अविरल वर्षाको कारण घर धरापमा भएको र घर अगाडी पर्खाल निर्माण राहत | द.न.पा.८ | रु.५०,०००।- | विपद व्यवस्थापन कोष |
| २. | कुमा महर्जनको घर निर्माण | द.न.पा.६ | रु.६०,०००।- | विपद व्यवस्थापन कोष |
| | जम्मा | | रु.१,१०,०००।- | |

४. खेल मैदान / कोट वनाउने शीर्षकबाट खर्च हुने गरी विनियोजन गरियो ।

| क. सं. | आयोजनाको नाम | आयोजना सञ्चालन हुने स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १. | फर्पिङ ब्याडमिन्टन क्लबलाई ब्याडमिन्टन कोर्ट निर्माण | द.न.पा.७ | रु. १५ लाख | |
| २. | ठूलो पोखरी खेल मैदान निर्माण | द.न.पा.९ | रु. ७ लाख | |
| ३. | बोसन खेल मैदान | द.न.पा.१ | रु. ३ लाख | |
| ४. | वडा नं ४ को कार्यालय अगाडी ब्याडमिन्टन कोड निर्माण | द.न.पा.४ | रु. ३ लाख | |
| | जम्मा | | रु. २८ लाख | |

- दक्षिणकाली नगरपालिकाको मिति २०७७/१०/१६ गते बसेको १०१औं कार्यपालिकाको बैठकको निर्णय बमोजिम दमकलको अवस्था र व्यवस्थापनका लागि प्रतिवेदन गर्न गठित समितिको प्रतिवेदन अनुसार यस नगरपालिकाको दमकल गत आ.व.०७६/७७ मा मर्मतको लागि गएकोमा कम्पनीले पेश गरेको रु.२,०७,०१५।६६ को भ्याट बिल विभिन्न कारणबाट हालसम्म भुक्तानी हुन नसकी एक वर्ष भन्दा बढी समय देखि दमकल मर्मत गर्ने कम्पनीमै रही पुनः मर्मत गर्नुपर्ने अवस्था देखिएकोले पुरानो बक्यौता रकम गत आ.व.को भुक्तानी बाँकी शीर्षकबाट भुक्तानी गरी हाल थप मर्मत गर्नुपर्ने टायर, ब्याट्री लगायत सर्भिसिङको

तुलसी [illegible]
प्रमुख प्रशासकीय अ[illegible]

सम्बन्धमा नियमानुसार लागत अनुमान लिई सो अनुसार थप मर्मत गरी चालु आ.व.को बजेटबाट भुक्तानी गरी दमकललाई चालु हालतमा राख्ने ।

- यस नगरपालिकाको ऐतिहासिक १२ बर्षे थाप्याखँ नाँच सञ्चालन गर्नको लागी आर्थिक सहयोग उपलब्ध गराउने ।
- यस न्यायिक समितिको ईजलास सञ्चालन गर्नको लागी घर भाडामा लिई सम्झौता गर्ने र ईजलास संरचना निर्माण गरी व्यवस्थापन गर्ने ।
- यस नगरपालिका अन्तर्गत कार्यरत सबै प्राविधिक कर्मचारीहरुलाई सञ्चार खर्च बापत प्रति महिना रु.१,०००।- (एक हजार) उपलब्ध गराउने ।
- दक्षिणकाली क्षेत्र विकास ऐन, २०७७ को दफा ४ बमोजिमको समितिमा कार्यपालिकाबाट मनोनित गर्नु पर्ने सदस्यहरुमा देहाय बमोजिमको सदस्यहरु मनोनयन गरी सिफारिस गर्ने ।
  १. द.न.पा.५ का वडा अध्यक्ष, श्री श्याम बहादुर खत्री
  २. द.न.पा.९ का वडा अध्यक्ष, श्री अमृका बलामी
  ३. द.न.पा.७ का वडा सदस्य, श्री पार्वती बास्तोला
- यस कार्यपालिकको मिति २०७७/०८/२८ को ९६ औं बैठकको निर्णय नं.५ बमोजिम यस नगरपालिकामा कानुनी सल्लाह दिनु हुने सल्लाहकार लिलामणी पौडेललाई कानुनी परामर्श बापत चालु आ.ब.मा एकमुष्ट रकम रु.१,००,०००।- (एक लाख) र बहस बापत प्रति मुद्दा रु.२०,०००।- (बिस हजार) र लिखित जवाफ तयार गरे बापत प्रति मुद्दा रु.१०,०००।- (दश हजार) उपलब्ध गराउने गरी सम्झौता गर्ने ।
- दक्षिणकाली क्षेत्र विकास समितिको च.नं. ६६ मिति २०७७/११/०२ को पत्रानुसार त्यस विकास समितिका सदस्य सचिव एवं कार्यालय प्रमुखलाई शुरु तलबको ३० प्रतिशत प्रोत्साहन भत्ता त्यस विकास समितिको निर्णय बमोजिमको उपलब्ध गराउन सहमति प्रदान गर्ने ।
- तत्कालिन दक्षिणकाली क्षेत्र प्रबन्ध समितिले दोपाया चौपायमा लगाएको ठेक्काको सम्झौता अनुसार ठेक्का छुट गर्ने विषयलाई कार्यान्वय गर्ने ।
- युवा स्वरोजगार, वडा नं ३ को लागी रु. ३ लाख विनियोजन गर्ने ।
- दक्षिणकाली नगर क्षेत्र समेटिएको पुस्तक तयार गरे बापत लेखकलाई रु. १ लाख उपलब्ध गराउने ।
- लोसार कार्यक्रमको लागी रु. २ लाख विनियोजन गर्ने ।
- नासपातीको सालिक निर्माण, वडा नं ५ को लागी रु. २ लाख विनियोजन गर्ने ।
- बोधिचित्त लामा गुठीको बाजा खरिदको लागी रु. ३ लाख विनियोजन गर्ने ।
- वडा नं १ मा संचालित आँखा शिविरमा भएको खर्च मध्ये रु. ६० हजार विनियोजन गर्ने ।

तुलसी बहादुर
प्रमुख प्रशासकीय